भारतीय राजदूतावास
काठमाडौं
****

**प्रेस विज्ञप्ति**

**भारतद्वारा रुपन्देही जिल्लामा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको निर्माण**

'नेपाल-भारत विकास सहकार्य' अन्तर्गत भारत सरकारको नेरु. ५.०८ करोड आर्थिक सहयोगमा निर्माण गरिएका रुपन्देहीस्थित श्री नहरपुर माध्यमिक विद्यालयको विद्यालय भवनको नेपालका लागि भारतीय राजदूत महामहिम श्री नवीन श्रीवास्तव र रुपन्देही क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित माननीय सांसद श्री विष्णु प्रसाद पौडेल र श्री राममणि बहुमुखी क्याम्पसको क्याम्पस भवनको राजदूत श्रीवास्तव, जिल्ला समन्वय समितिका प्रमुख श्री उमाकान्त चपाई र तिलोत्तमा नगरपालिकाका मेयर श्री रामकृष्ण खाणले आज संयुक्त रुपमा औपचारिक उद्घाटन गर्नुभयो । उक्त कार्यक्रममा जनप्रतिनिधि, सरकारी अधिकारी, समाजसेवी, क्याम्पस र विद्यालय व्यवस्थापनका प्रतिनिधि, प्राध्यापक, शिक्षक/शिक्षिका, अभिभावक तथा विद्यार्थीहरुको पनि उपस्थिति रहेको थियो ।

२. 'नेपाल-भारत विकास सहकार्य' अन्तर्गतको भारत सरकारको अनुदान सहयोग राममणि बहुमुखी क्याम्पस भवनको तीन तल्ले क्याम्पस भवनको निर्माण र फर्निचर तथा श्री नहरपुर माध्यमिक विद्यालयको दुई तल्ले भवनको निर्माण र अन्य संरचनाका लागि उपयोग गरिएको थियो । यी परियोजनाहरु क्रमशः जिल्ला समन्वय समिति र बुटवल उप-महानगरपालिका, रुपन्देहीमार्फत कार्यान्वयन गरिएका थिए । भारत सरकार र नेपाल सरकारबीच भएको सम्झौता अन्तर्गत पहिले साना विकास परियोजना नामले परिचित यी परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा अघि बढाइएको हो ।

३. नेपालका लागि भारतीय राजदूत महामहिम श्री नवीन श्रीवास्तवले यी परियोजना भारत र नेपालबीचको बलियो विकास साझेदारीको एक महत्वपूर्ण हिस्सा भएको बताउनुभयो । साथै वहाँले यी परियोजनाले हालैका वर्षमा उल्लेख्य प्रगति हासिल गरेको र नेपाल सरकार र नेपाली जनताका प्राथमिकतामा रहेका विभिन्न क्षेत्रहरुलाई समेत समेटेको बताउनुभयो । वहाँले दुवै देशका जनताको हितका लागि नेपाल सरकारको प्राथमिकता अनुरुप विकास साझेदारीलाई सुदृढ गर्न भारत सरकार निरन्तर लागिपर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

४. त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त श्री राममणि बहुमुखी क्याम्पस सन् १९८८ मा स्थापना भएको हो । प्रसिद्ध राष्ट्रिय शिक्षाविद् एवम् भाषाविद् राममणि आ.दीको नामबाट राखिएको यो एक सामुदायिक क्याम्पस हो । हाल क्याम्पसमा स्नातकोत्तर तहमा मानविकी र व्यवस्थापन, स्नातक तहमा व्यवस्थापन, शिक्षा र मानविकी र उच्च माध्यमिक तहमा विभिन्न विषय अध्यापन हुन्छ । विद्यालयमा २६०० भन्दा बढी विद्यार्थीहरु अध्ययनरत छन् जसमा करिब ७० % छात्रा रहेका छन् ।

५. प्राथमिक विद्यालयको रुपमा सन् १९७१ मा स्थापना भएको श्री नहपुर माध्यमिक विद्यालय पछि सन् १९९६ मा माध्यमिक तहमा र उच्च माध्यमिक तहमा स्तरोन्नत भएको थियो । राष्ट्रिय परीक्षा बोर्डसँग आबद्ध विद्यालयले प्लस टु तहमा शिक्षा र व्यवस्थापन संकायमा अध्यापन गराइरहेको छ । विद्यालयमा १३५० भन्दा बढी विद्यार्थीहरु अध्ययनरत छन् जसमा करिब ६० % छात्रा रहेका छन् । त्यसयता राम्रो वातावरणमा गुणस्तरिय शिक्षा प्रदान गर्न यी क्याम्पस र विद्यालयले उल्लेखनीय सफलता हासिल गरेका छन् ।

६. सन् २००३ यता नेपालका विभिन्न क्षेत्रमा ५५० वटा भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजना अघि बढाइएका छन् र ४८८ वटा परियोजना सम्पन्न भइसकेका छन् । यी मध्ये लुम्बिनी प्रदेशका विभिन्न क्षेत्रमा ६१ वटा परियोजना रहेका छन् जसमा १२ वटा परियोजना रुपन्देहीमा छन् । यसका साथै भारत सरकारले स्वतन्त्रता दिवस र गणतन्त्र दिवसको अवसरमा नेपालका विभिन्न अस्पताल, स्वास्थ्य चौकी र शैक्षिक संस्थालाई ९७४ वटा एम्बुलेन्स र २३४ वटा स्कुल बस उपहारस्वरुप प्रदान गरिसकेको छ जसमध्ये लुम्बिनी प्रदेशलाई १६० वटा एम्बुलेन्स र ३५ वटा स्कुल बस उपहारस्वरुप प्रदान गरिएको छ। यसमा २९ वटा एम्बुलेन्स र १४ वटा स्कुल बस रुपन्देही जिल्लालाई उपलब्ध गराइएको छ।

७. नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ । यस परियोजनाको कार्यान्वयनले नेपाली जनताको समुन्नतिका लागि र प्राथमिकताका क्षेत्र विशेष गरी नेपालको शैक्षिक क्षेत्रमा पूर्वाधारको विस्तारका लागि नेपाल सरकारले चालेका प्रयासमा भारत सरकार सदैव हातेमालो गर्न तयार रहेको कुरालाई प्रतिबिम्बित गरेको छ ।

काठमाडौं, नेपाल
२०८० फाल्गुण १३ गते

****